# भाग ५

## नेपाल सरकार

## अर्थ मन्त्रालयको

## सूचना

नेपाल सरकार, अर्थ मन्त्रालयले भन्सार ऐन, २०६४ को दफा ३ ले दिएको अधिकार प्रयोग गरी जिल्ला झापा, मेचीनगर नगरपालिका वडा नं. ०६ स्थित मेची भन्सार कार्यालय, काँकडभिट्टाको देहाय बमोजिमको चार किल्ला भित्रको क्षेत्रलाई मेची भन्सार कार्यालयको भन्सार क्षेत्र कायम हुने गरी परिमार्जन गरेको र देहायको बाटोलाई भन्सार क्षेत्रको बाटो तोकेकोले यो सूचना प्रकाशन गरिएको छः-

**(क) भन्सार क्षेत्रः**

| दिशा | भन्सार क्षेत्रको चार किल्ला |
|---|---|
| पूर्व | मेची भन्सार कार्यालयको कर्मचारी आवास, यात्रु शाखा तथा मूल कार्यालयको पूर्वपट्टिको पर्खाल (कम्पाउण्ड वाल) भित्रको क्षेत्र। |
| पश्चिम | मेची भन्सार कार्यालयको यात्रु शाखा तथा मूल कार्यालयको पश्चिमपट्टिको पर्खाल (कम्पाउण्ड वाल) भित्रको क्षेत्र। |
| उत्तर | मेची भन्सार कार्यालयको यात्रु शाखा र मूल कर्मचारी आवासको उत्तरपट्टिको पर्खाल (कम्पाउण्ड वाल) भित्रको क्षेत्र। |
| दक्षिण | मेची भन्सार कार्यालयको मूल कार्यालयको दक्षिणपट्टिको पर्खाल (कम्पाउण्ड वाल) भित्रको क्षेत्र। |



आधिकारिकता मुद्रण विभागबाट प्रमाणित गरिएपछि मात्र लागु हुनेछ।

(ख) **भन्सार क्षेत्रको बाटोः**

नेपाल भारत अन्तर्राष्ट्रिय सीमानामा रहेको पुरानो मेची पुल र एशियन राजमार्गको नयाँ पुल (नेपाल पट्टिको प्रारम्भ बिन्दु) देखि मेची भन्सार कार्यालयभित्र प्रवेश गर्ने गेट नं. १ हुँदै लक्ष्मी नारायण मन्दिर छेउको गेट नं. २ सम्म जोडिएको करिब एक किलोमिटर बाटो।

**आज्ञाले,**
**डा. अर्जुन कुमार खड्का**
**सहसचिव ।**

मुद्रण विभाग,



आधिकारिकता मुद्रण विभागबाट प्रमाणित गरिएपछि मात्र लागु हुनेछ।